# तिलाठी कोईलाडी गाउँपालिका

तिनाठी कोर्इनाडी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

तिलाठी, सप्तरी

मधेश प्रदेश, नेपाल

प.सं. :- २०८१।०८२
च.नं. :- ६३६

मिति :- २०८१/१०/२०

**विषय : सामुदायिक विद्यालयहरुमा लेखा परीक्षणका लागि आवेदन दिने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा यस तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी अन्तरगत सञ्चालित रहेका सामुदायिक विद्यालयहरुको आ.व. २०८०/०८१को लेखा परीक्षण गर्ने प्रयोजनका लागि नेपाल चार्टड एकाउन्टेण्ट्स संस्थामा दर्ता रहेको इच्छुक फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (अर्थात २०८१/११/०५ गतेसम्म, कार्यालय समय भित्र) तपसिल बमोजिमका कागजातहरुको प्रतिलिपि सहित रितपूर्वक आवेदन कार्यालय समयभित्र दर्ता गरी तिलाठी कोइलाडी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

(क) १. नेपाल चार्टड एकाउन्टेण्ट्स संस्थामा दर्ता गरिएको प्रमाणपत्रको प्रतिलिपि।
२. नेपाल चार्टड एकाउन्टेण्ट्स संस्थाबाट पछिल्लो आ.व. सम्मको लाइसेन्स नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि।
३. आ.व. २०८०/०८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
४. मु. अ. क. तथा PAN/VAT मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।
५. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
६. कागजातहरु फाइलिङ सहितको निवेदन।

(ख) पालना गर्नुपर्ने शर्त बन्देजहरु :
१. तोकिएको विद्यालयमा अनिवार्य उपस्थित भई लेखा परीक्षण गर्नु पर्ने।
२. प्रचलित ऐन कानुनको परिधिभित्र रहि लेखा परीक्षण गर्नुपर्ने।
३. ले. प. प्रतिवेदन स्वयं उपस्थित भई एकप्रति शिक्षा शाखामा बुझाउनुपर्ने।
४ ले.प. कार्यको पारिश्रमिक विद्यालयले नै व्यहोर्ने साथै पारिश्रमिक बुझेको भर्पाइ विद्यालयलाई उपलब्ध गराउनुपर्ने।
५ गत आ.ब. को लेखा परीक्षण गर्न जिम्मेवारी पाउनु हुने फर्महरुले ले.प. प्रतिवेदन नबुझाएको भए यस वर्षको ले.प. कार्यका लागि जिम्मेवारी प्रदान गरिने छैन।
६. ले.प. कार्यका लागि फर्म छनौट गर्ने अधिकार यस पालिकालाई मात्र हुनेछ।

.....................
सरोज कुमार कर्ण
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री प्रशासन शाखा, तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी।
श्री सूचना प्रविधि शाखा, (वेव साईटमा सूचना अपलोड गरिदिनु हुन।)